# पुस्तक समीक्षा

**माइकल हफमान। सन् २०१८। द *पार्सियल रेभोलुशन : लेबर, सोसल मुभमेन्ट्स एण्ड द इन्भिजिबल ह्याण्ड अफ माओ इन वेस्टर्न नेपाल*। लण्डन : बर्घान बुक्स।**

नेपालका कम्युनिस्ट पार्टीहरू हरेक वर्ष श्रमिक दिवस बडो तामझामका साथ मनाउँछन्। मजदुर संगठनका कार्यकर्ताहरूले जुलुस निकाल्छन्, मञ्चहरू मार्क्स र माओका मुखाकृतियुक्त तुलहरूले सजाइन्छन् र राजनीतिकर्मीहरू हावामा मुट्ठी उज्याउँदै श्रमिकका नाममा लामा-लामा भाषण गर्छन्। यो वार्षिक प्रदर्शनी बाहेक नेपाल भित्रका श्रमिकबारे नेपाली सञ्चार माध्यम र प्राज्ञिक क्षेत्रमा हुने छलफल र अनुसन्धान भने प्रवासी नेपाली कामदारबारे हुने चर्चा र शोधको तुलनामा न्यून छ। यो परिप्रेक्ष्यमा माइकल हफमानको पुस्तक *द पार्सियल रेभोलुशन*लाई नेपाल लगायत दक्षिण एशियाली श्रम/श्रमिक बारेको अध्ययनमा एउटा महत्त्वपूर्ण योगदानका रूपमा लिन सकिन्छ।

श्रमिक आन्दोलनलाई सशस्त्र क्रान्तिले कसरी प्रभाव पार्छ भन्ने प्रश्नको जवाफ खोज्ने प्रयत्न यो पुस्तकले गरेको छ। यद्यपि, माओवादी सशस्त्र आन्दोलनले नेपालका सीमान्तीकृत समुदायमा पारेको असरबारे गरिएको यो अनुसन्धान सामाजिक शास्त्रमा नौलो भने होइन। हफमान स्वयंले अध्ययन गरेका थारू समुदायकै बारे पनि जनयुद्धअघि र पछि तराईका अन्य जातजातिको भन्दा बढी शोध भएका छन्। तैपनि हफमानको पुस्तक यी विषयमा भएका अन्य अध्ययनभन्दा तीन कारणले फरक छ। पहिलो, माओवादी आन्दोलनलाई राज्य विरुद्धको विद्रोहका रूपमा प्रस्तुत गर्ने अधिकांश अध्ययन विपरीत हफमान यसलाई राज्य कब्जाको प्रयासका रूपमा अर्थ्याउँछन्। दोस्रो, उनको अनुसन्धान मुक्त कमैया (थारू समुदायका) को आन्दोलनमा माओवादी क्रान्तिको प्रभावमा केन्द्रित छ। तेस्रो, सबैभन्दा महत्त्वपूर्ण, श्रमिकका दृष्टिबाट हफमानले गरेको माओवादी आन्दोलनको विश्लेषण नवीन छ, जसले दश वर्षे द्वन्द्वको नयाँ पाटो उजागर गर्छ।

कैलालीको टीकापुरमा सन् २००८–२००९ मा गरिएको १८ महिने स्थलगत (एथ्नोग्राफिक) अध्ययनमा आधारित यो पुस्तक दुई भागमा विभाजित छ। चार अध्याय समेटिएको पुस्तकको पहिलो भागमा टीकापुरका मुक्त कमैया सहित राजनीतिक कार्यकर्ता र व्यवसायीमा माओवादी अन्दोलनको असरको चर्चा गरिएको छ। पुस्तकको पहिलो अध्यायमा टीकापुरमा योग शिविर र व्यापारिक मेलाको आयोजना मार्फत त्यहाँका कुलीन व्यापारीहरूले आफूलाई परोपकारीका रूपमा प्रस्तुत गरेको प्रसंग छ। सरकार सँगको

सम्बन्ध सुदृढ पार्ने र माओवादीको सम्भावित आक्रमणबाट पनि जोगिने उपायका रूपमा ती समारोहलाई व्यापारीले प्रयोग गरेको हफमानको विश्लेषण छ ।

दोस्रो अध्याय मुक्त कमैया बस्तीका उदीयमान नेताहरूमा केन्द्रित छ । माओवादी युद्धले मुक्त कमैयालाई कुनै बेला विमानस्थल रहेको टीकापुरको सार्वजनिक जग्गा कब्जा गर्ने आत्मविश्वास कसरी दियो भन्ने चर्चा यो पाठमा छ । यसै अध्यायमा मुक्त कमैया बस्तीका महिलाहरू चाहिँ निर्णायक भूमिकाबाट वञ्चित भएको उल्लेख गर्दै उनीहरू विरुद्ध शारीरिक र यौन हिंसा हुने गरेको तथा कमलरीका रूपमा श्रम गर्न पठाउने चलन व्याप्त रहेको हफमानले औँल्याएका छन् । चौथो अध्यायमा लेखकले मजदुर संगठनमा महिलाको भूमिका न्यून रहेको विषयलाई चर्चा गरेका छन् ।

तेस्रो अध्यायमा मुक्त कमैयालाई संगठित गर्न सन् २००२ मा खोलिएको संस्था “मुक्त कमैया समाज” बारे विस्तृत विवरण छ । हफमानका अनुसार जनयुद्ध सकिए लगत्तैका वर्षहरूमा मुक्त कमैयाका लागि खोलिएका अन्य संस्थाहरूको तुलनामा “मुक्त कमैया समाज” माओवादी निकट भएको छाप समाजमा परेका कारण यो संस्थालाई संगठन फैलाउन र सक्रिय हुन सहज भयो । चौथो अध्यायमा उनी टीकापुरको मजदुर आन्दोलनलाई नेपालको मजदुर र माओवादी आन्दोलनको सन्दर्भमा विश्लेषण गर्छन् । श्रमिक संगठनहरूको नेतृत्व चयनमा जातीयता र वर्गीयताको भूमिकाबारे पनि लेखकले चर्चा गरेका छन् । मजदुर संगठनहरूको सहभागिताले मुक्त कमैयाहरूको सामूहिक मोलमोलाइ गर्ने क्षमता बढाएको हफमानको दाबी छ ।

पुस्तकको दोस्रो भागमा मुक्त कमैयाका दैनिकी र चासोबारे प्रकाश पारिएको छ । टीकापुरका इँटा भट्टामा काम गर्ने र काम खोज्न भारत पुगेका मुक्त कमैया मजदुरहरूलाई पछ्याएर लेखिएको यो भाग पुस्तकको सबैभन्दा रोचक भाग पनि हो । यस भागमा जिल्लामा माओवादी दबदबाका कारण इँटा भट्टामा कार्यरत मुक्त कमैयाका दैनन्दिनीमा के-कस्तो परिवर्तन आयो भन्नेबारे मिहिन विश्लेषण छ । हफमानका अनुसार मजदुर र इँटा भट्टा मालिकको सम्बन्ध तहगत भए पनि र ज्याला तथा कारखानाको अवस्थामा खासै सुधार नआए पनि माओवादीहरूको उपस्थिति वा “माओको अदृश्य हात” ले मजदुरका लागि कमैयाका रूपमा काम गर्दा ताकाको भन्दा सहज वातावरण सिर्जना गरिदियो । जस्तो कि, उनीहरूलाई धेरै पेश्की वा ऋण दिएर बँधुवा बनाउन नमिल्नेबारे इँटा भट्टा मालिक सजग भए । यसले मुक्त कमैयाका लागि इँटा भट्टाको मजदुरी कमैया हुँदा गर्नुपर्ने श्रमको तुलनामा कम शोषणयुक्त हुन गयो । साथै, उनीहरूलाई फुर्सदको समय पनि मिल्नाले मुक्त कमैया मजदुरहरूको जीवन जिउने तरिका समेत बदलियो । यद्यपि, हफमान प्रस्ट्याउँछन्, माओवादीहरूको उद्देश्य समाजमा व्यापक सबै खाले अन्याय विरुद्ध लड्नु थिएन । भोटका

निम्ति कमलरी प्रथा निर्मूल पार्न ध्यान दिनुको सट्टा मुक्त कमैया आन्दोलनमा मात्र केन्द्रित हुनु यसको प्रमाण थियो ।

समग्रमा द *पार्सियल रेभोलुशन* एउटा पठनीय पुस्तक हो जसले सीमान्तीकृत मानिसका चाहना र दैनिक जीवनको सजीव चित्रण गरेको छ । यदाकदा मिहिन र विस्तृत वर्णनमा हराउन सकिने सम्भावना भए पनि हफमानले पाठकलाई आफ्नो मुख्य तर्कमा ल्याइहाल्छन् । प्रत्येक अध्यायको शुरू र अन्त्यमा हफमान आफ्ना शोध प्रश्न र तर्कहरू उल्लेख गर्दछन्, जसले गर्दा पुस्तकका हरेक पाठहरू छुट्टाछुट्टै पढ्दा पनि बुझिन्छ । छमध्ये चार ओटा अध्याय राम्ररी सम्पादित भएर विभिन्न जर्नलमा छापिइसकेकाले पनि पुस्तक छरितो भएको हो (हेर्नुहोस्, हफमान सन् २०१४क, सन् २०१४ख, सन् २०१५ र सन् २०१७) ।

पठनीय हुँदाहुँदै पनि पुस्तक कमजोरी मुक्त भने छैन । हफमानले नेपालका ठाउँ, नेपाली अध्येता लगायत आफ्नै शोधसँग सम्बन्धित पात्रहरूकै नामको हिज्जेको दोहोलो काढेका छन् । परिचयात्मक अध्यायमै सबैभन्दा धेरै हिज्जे गल्ती भएकाले पहिलो गाँसमै ढुंगा लाग्छ । श्रमिकहरूमा माओवादी आन्दोलनको असरको मूल्यांकन गर्ने पुस्तकमा पुष्पकमल दाहाललाई “पुष्ब” (पृ. ५ र १००) लेखिएको देख्दा म पढ्न निरुत्साहित भएकी थिएँ । हफमानले धेरै समय सँगै बिताएका र पाठकसामु पूर्ण परिचय गराएका दुई राजनीतिक पात्रकै नाम पनि गलत छन् । पहिलो संविधान सभा (सन् २००८–२०१२) मा एकीकृत माओवादीको तर्फबाट संविधान सभामा पुगेका कैलालीका दुई सभासदको नाम पुस्तकमा “साइक्धेजा” चौधरी र “रुल्पा” चौधरी लेखिएको छ । उनीहरूको सही नाम सुकदैया र रूपा हो । यस्ता गल्तीले अनुसन्धानमा सहभागी भएर शोधकर्तालाई सघाउने स्थानीय मानिस र परिवेशप्रति असम्मान गरे जस्तो लाग्न सक्छ । एक पटक घुम्न आएको पर्यटक वा प्याराशुट पत्रकारले यस्ता गल्ती गरेको भए क्षम्य हुन्थ्यो होला, तर त्यस ठाउँमा १८ महिना बिताएका विद्यावारिधि शोधकर्ताबाटै त्यस्तो हेलचक्र्याइँ भएको देख्दा मलाई नेपाल अध्ययनमा उत्तर-औपनिवेशिकताबारे चर्चाको आवश्यकता बोध भयो ।

अनुसन्धान भएको समय र पुस्तकको प्रकाशनबीच झण्डै एक दशकको अन्तर भएकाले हफमानका कतिपय तर्कहरू पुनरावलोकन गर्नुपर्ने देखिन्छ । माओवादीहरूले नेपालका सीमान्तीकृत वर्गलाई संगठित भएर अन्यायका विरुद्ध लड्न प्रेरित गरेर नेपाली समाजलाई निश्चितै बदले (अधिकारी सन् २०१४) । तथापि, माओवादी आन्दोलन लगत्तै देखिएको भनी हफमानले चित्रण गरेको थारू-मैत्री वातावरणलाई नेपाली राजनीतिमा सन् २००९ यता भएका घटनाहरूले बिथोलिसकेका छन् । त्यसयता माओवादी पार्टीले धेरै टुटफुट र जुट बेहोर्‍यो, परम्परागत राजनीतिक पार्टीहरू सत्तामा फर्किए र सन् २०१५ मा टीकापुरमा भएको हिंसात्मक विरोध माझ माओवादीकै सहभागितामा नयाँ संविधान जारी भयो जसले छुट्टै थारू राज्य अस्वीकार गर्‍यो । र, सन् २०१८ मा पुष्पकमल दाहाल नेतृत्वको

माओवादी पार्टी आफ्नो पूर्व विरोधी पार्टी एमालेसँग मिलेर नेकपा भयो। उसो त हफमानले पुस्तकको निष्कर्षमा यी परिवर्तनलाई संक्षेपमा उल्लेख गर्दै आफ्नो शोधलाई माओवादी जनयुद्ध सकिए लगत्तैको सन्दर्भमा पढिनुपर्ने भनेका छन्। यद्यपि, उदाहरणका लागि, "उक्त क्षेत्र टीकापुरमा स्थानीय सम्भ्रान्त र राज्य बीचको गठबन्धनलाई माओवादी आन्दोलनले तोडेको" (पृ. १७०) भन्ने दाबी टीकापुरमा सन् २०१५ को थारूहरू माथिको राज्यको दमन (हेर्नुहोस्, लाल सन् २०१९) पछि पुनर्अध्ययन गर्नुपर्ने देखिन्छ।

इच्छुक शोधार्थीहरूलाई द *पार्सियल रेभोलुशन*ले नयाँ अनुसन्धानका लागि विषयहरू दिन्छ, जसलाई पुस्तकको सबल पक्ष मान्न सकिन्छ। जस्तै, पुस्तकको परिचयात्मक अध्यायमा हफमान थारू समुदायमा रहेको वर्गीय असमानता नजरअन्दाज गरिए थरूहटका लागि हुने आन्दोलन असफल हुने तर्क गर्छन्। यो तर्कले अध्येताहरूलाई नेपालका जातीय विद्रोह वा आन्दोलनहरूलाई वर्गीय दृष्टिले हेर्न प्रेरित गर्न सक्छ, जसबारे खासै अध्ययन भएको छैन। त्यसै गरी, नेपालको श्रम आन्दोलनमा महिलाहरूको सहभागिता वा बहिष्करण पनि थप अध्ययनको विषय हुन सक्छ। साथै, माओवादी युद्धलाई राज्य कब्जा गरेर त्यसलाई आफू अनुकूल बनाउने प्रयासका रूपमा हफमानले अर्थ्याएका हुनाले त्यो दृष्टिकोणबाट माओवादी पार्टीको उदय, पतन, र एमाले सँगको "विलय" को विश्लेषण पठनीय हुने थियो।

अन्त्यमा, केही कमजोरी देख्दादेख्दै पनि यो पुस्तक नेपाली माओवादी र क्रान्तिकारी आन्दोलनहरूले श्रममा पार्ने असरमा रुचि भएका सबैलाई पढ्न सिफारिस गर्छु। दक्षिण एशियाली श्रम/श्रमिक बारेको अध्ययनमा यो महत्त्वपूर्ण प्राज्ञिक योगदान हो। दलहरूले आफ्नो अभिष्टका लागि मजदुरहरूलाई बारम्बार राजनीतिक हतियार बनाइरहने तर सत्तामा पुगेपछि उनीहरूको हितार्थ खासै काम नगर्ने परिप्रेक्ष्यमा यो पुस्तक झन् सान्दर्भिक छ।

## सन्दर्भ सामग्री


Aditya, Adhikari. 2014. *The Bullet and the Ballot Box: The Story of Nepal's Maoist Revolution*. London: Verso.

Hoffmann, Michael. 2014a. Red Salute at Work Brick Factory Work in Post-conflict Kailali, Western Nepal. *Focaal—Journal of Global and Historical Anthropology* 70: 67–80.

Hoffmann, Michael Peter. 2014b. A Symbiotic Coexistence: Nepal's Maoist Movement and Labour Unions in an Urban Municipality in Post-conflict Far-western Tarai. *Journal of South Asian Development* 9(3): 213–234.

Hoffmann, Michael Peter. 2015. In the Shadows of the Maoist Revolution: On the Role of the "People's War" in Facilitating the Occupation of Symbolic Space in Western Nepal. *Critique of Anthropology* 35(4): 389–406.

Hoffmann, Michael. 2017. Unfree Labour after the Maoist Revolution in Western Nepal. *Contributions to Indian Sociology* 51(2): 139–162.

Lal, Abha. 2019. After Years of Media Trial, a Stunning Verdict in the Tikapur Case. Available at www.recordnepal.com/wire/after-years-of-media-trial-a-stunning-verdict-in-the-tikapur-case/; accessed October 7, 2019.

**दर्शन कार्की**

युनिभर्सिटी अफ जुरिक